## पाठ २१

१. अब्राम र लोतका बीचमा देखा परेको समस्या के थियो ?

- अब्राम र लोत दुवैका धेरै भेडा र बस्तुभाउहरू भएको कारणले गर्दा त्यहाँ चरनको अभाव थियो ।

२. लोतले किन मैदानी इलाकामा बस्न मन गरे ?

- किनभने तिनका भेडा र बस्तुभाउहरूलाई खुवाउनको लागि त्यहाँ धेरै घाँस थियो ।

३. लोतले किन मैदानी इलाकामा बस्ने खराब छनौट गरे ?

- किनभने लोतले के गर्ने भनेर परमेश्वरलाई सोधेनन् ।

- किनभने लोतले परमेश्वरलाई सुन्न इन्कार गरे ।

४. यदि हामीले परमेश्वरलाई सुन्न इन्कार गर्‍यौं भने के हुनेछ ?

- हामी अनन्त अग्निको दहमा पर्नेछौं ।

५. के हामीलाई धेरै भेडा र बस्तुभाउ वा धनसम्पत्तिले अनन्त अग्निको दहमा पर्नबाट जोगाउँछ ?

- जोगाउँदैन ।

६. के परमेश्वरले सदोम र गमोराका मानिसहरूको दुष्ट्याँइ देख्नुभयो ?

- देख्नुभयो ।

७. के हामीले जे सोच्छौं त्यो परमेश्वरबाट लुकाउन सक्छौं ?

- सक्दैनौं ।

८. के हामीले जे बोल्छौं त्यो परमेश्वरबाट लुकाउन सक्छौं ?

- सक्दैनौं ।

९. के हामीले जे गर्छौं त्यो परमेश्वरबाट लुकाउन सक्छौं ?

- सक्दैनौं ।

१०. लोत मैदानी इलाकामा सरिसकेपछि परमेश्वरले अब्रामलाई के भन्नुभयो ?

- परमेश्वरले अब्रामलाई कनानको सबै भूमि दिनेछु भन्नुभयो ।
- परमेश्वरले अब्रामलाई तिनका दरसन्तानहरू आकाशका तारा जत्तिकै अनगिन्ती हुनेछन् पनि भन्नुभयो ।
- परमेश्वरले यो पनि भन्नुभयो कि अब्रामका सन्तानहरू बसोबास गर्नलाई अर्को देशमा जानेछन्, ४०० वर्षपछि

परमेश्वरले तिनीहरूलाई कनानको भूमिमा फेरि फर्काएर ल्याउनुहुनेछ ।

११. परमेश्वरले अब्रामलाई दिनुभएको नयाँ नाउँ के थियो ?

- अब्राहाम ।

१२. परमेश्वरले साराईलाई दिनुभएको नयाँ नाउँ के थियो ?

- सारा ।

१३. परमेश्वरले अब्राम र साराईलाई किन नयाँ नाउँ दिनुभयो ?

- किनभने तिनीहरूका धेरै दरसन्तानहरू हुनेवाला थिए ।

१४. यद्यपि सारा धेरै बूढी भइसकेकी थिइन् र तिनी बाँझी थिइन् र पनि परमेश्वरले के प्रतिज्ञा गर्नुभयो ?

- यही कि सारा धेरै दरसन्तानहरूकी माता हुनेछिन् ।

- यही कि साराले एउटा छोरो जन्माउनेछिन् ।

१५. अब्राहाम र सारा कति वर्षका भएका थिए ।

- अब्राहाम १०० वर्ष र सारा ९० वर्षका भएका थिए ।

१६. के परमेश्वरले गर्न नसक्ने कुनै कुरा छ ?

- छैन ।

- अब्राहाम र लोत अलग भए किनभने तिनीहरूका

  जनावरहरूलाई खुवाउनको लागि त्यहाँ पर्याप्त घाँस थिएन ।

- अब्राहाम कहाँ सरे ?

- पहाडमा ।

- लोत कहाँ सरे ?

- मैदानमा ।

- मैदानमा भएका दुईवटा शहरको नाउँ के थियो ?

- सदोम र गमोरा ।

- सदोम र गमोरा शहरमा बस्ने मानिस कस्ता थिए ?

- अधर्मी थिए ।

- सदोम र गमोराका मानिसहरूको दुष्टायाँइको बारेमा

  परमेश्वरलाई थाहा थियो ?

- थाहा थियो ।

- सदोम र गमोराका मानिसहरूको दुष्ट्याँइको बारेमा

  परमेश्वरलाई कसरी थाहा भयो ?

- परमेश्वर सबै कुरा देख्नुहुन्छ ।

- परमेश्वरले देख्न नसक्ने कुनै कुरा छैन ।

- परमेश्वरले सदोम र गमोराका बासिन्दाको सबै अधार्मिकता दख्नुभएको थियो ।

आउनुस् उत्पत्ति १८:२०-२१ पद पढौं ।

20 तब परमप्रभुले भन्नुभयो, "मैले धेरै पल्ट सुनेकोछु सदोम र गमोराका मानिसहरू साह्रै दुष्ट छन्। 21 म त्यहाँ जान्छु अनि हेर्छु मानिसहरू जस्तो मैले सुनेकोछु त्यस्तै छन् कि छैनन्। तब म पक्का जान्नेछु।"

- सदोम र गमोराका बासिन्दाको अधार्मिकता परमेश्वरले लामो समयदेखि देखिरहनुभएको थियो ।

- सदोम र गमोराका बासिन्दाले परमेश्वरलाई बिर्सिएका थिए तर के परमेश्वरले तिनीहरूलाई बिर्सनुभएको थियो ?

- थिएन ।

- सदोम र गमोराका बासिन्दाले परमेश्वरलाई बिर्सिएका थिए तर के परमेश्वरले तिनीहरूको पापलाई बिर्सनुभएको थियो ?

- थिएन ।

- मानिसहरूले परमेश्वरलाई बिर्सिए तापनि के परमेश्वरले तिनीहरूलाई बिर्सनुहुन्छ ?
- बिर्सनुहुन्न ।
- मानिसहरूले परमेश्वरलाई बिर्सिए तापनि के परमेश्वरले तिनीहरूको पाप बिर्सनुहुन्छ ?
- बिर्सनुहुन्न ।
- परमेश्वरले पापलाई बिर्सन सक्नुहुन्न ।
- परमेश्वरले हरेक पापको सजाय दिइछोड्नुहुन्छ ।
- परमेश्वरले किन हरेक पापको सजाय दिइछोड्नुहुन्छ ?
- किनभने परमेश्वर सिद्ध हुनुहुन्छ ।
- किनभने परमेश्वरले मानिसलाई सिद्धरूपमा पृष्टि गर्नुभएको थियो ।
- किनभने हरेक पाप परमेश्वरको विरुद्धमा हुन्छ ।
- सदोम र गमोराका मानिसहरूले गरेको पापको निम्ति परमेश्वरले तिनीहरूलाई किन तत्कालै सजाय दिनुभएन ?

- किनभने परमेश्वरले तिनीहरूले तिनीहरूका पापको निम्ति पश्चात्ताप गरेको चाहनुहुन्थ्यो ।
- किनभने परमेश्वर तिनीहरूलाई बचाउन चाहनुहुन्थ्यो ।
- नोआको समयमा मानिसहरूले तिनीहरूका पापको निम्ति पश्चात्ताप गरून् भनेर परमेश्वर कति समय पर्खिनुभयो ?
- १२० वर्ष ।
- त्यति वर्ष पर्खिए तापनि मानिसहरूले पश्चात्ताप नगरेपछि परमेश्वरले के गर्नुभयो ?
- उहाँले एउटा बाढी पठाउनुभयो जसले सबै मानिस सखाप पार्‍यो ।
- परमेश्वर मानिसहरूले तिनीहरूका पापको निम्ति पश्चात्ताप गरून् भनेर पर्खिनुहुन्छ ।
- तर यदि मानिसहरूले तिनीहरूका पापको खातिर पश्चात्ताप गरेनन् भने उहाँले तिनीहरूलाई सजाय दिनुहुन्छ ।
- परमेश्वरले आज पाप गर्ने मानिसलाई किन तत्कालै सजाय दिनुहुँदैन ?

- किनभने परमेश्वर तिनीहरूले तिनीहरूको पापको निम्ति पश्चात्ताप गरून् भन्ने उहाँ चाहनुहुन्छ ।
- किनभने परमेश्वर तिनीहरूलाई बचाउन चाहनुहुन्छ ।
- के परमेश्वर तिनीहरूलाई धम्क्याउनुहुन्छ तर परमेश्वरले तिनीहरूको पापको निम्ति तिनीहरूलाई सजाय दिनुहुन्न ?
- होइन ।
- परमेश्वरले सबै पापलाई सजाय दिनुहुन्छ ।
- जब पापीहरूलाई सजाय दिने परमेश्वरको समय आउँछ के उहाँलाई कसैले रोक्न सक्छ ?
- सक्दैन ।
- जब पापीहरूलाई सजाय दिने परमेश्वरको समय आउँछ कोही पनि परमेश्वरको सजायबाट उम्किन सक्दैन ।
- एकदिन परमेश्वरले उहाँका दुईजना स्वर्गदूतहरूलाई गमोरामा पठाउनुभयो ।

आउनुस् उत्पत्ति १९:१-३ पद पढौं ।

साँझमा दुइजना स्वर्गदूतहरू सदोम शहरमा आए। त्यस बेला लूत सदोमको फाटकमा बसिरहेका थिए। लूतले स्वर्गदूतलाई देखे र भेट्न गए। तब लूतले तिनीहरूको सामुन्ने निहुरेर दण्डवत् गरे।
[2] तिनले भने, "महाशय, कृपा गरी तपाईंहरूको दासको घरमा गई हात पाऊ धोई रात त्यहीं बिताउनु होस् र बिहान चाँडै उठी आफ्नो स्थानको लागि बाटोतर्फ प्रस्थान गर्नु होस्।" ती स्वर्गदूतहरूले भने, "अँहँ हामी बाटोमै रात बिताउनेछौं।"
[3] तर लूतले तिनीहरूलाई आफ्नो घर लैजान अत्यन्तै बिन्ती गरे, यसर्थ स्वर्गदूतहरू लूतको घरमा गए। तब लूतले स्वर्गदूतहरूको निम्ति खाना तयार गरे अनि खमीर नहालेको रोटी बनाए र तिनीहरूले खाए।

- परमेश्वरले दुईजना स्वर्गदूतहरूलाई किन सदोममा पठाउनुभयो ?
- परमेश्वरले लोत र तिनको परिवारलाई बचाउन चाहनुहुन्थ्यो ।
- पहिले लोत सदोम शहरको नजिकै बसोबास गर्थे ।
- अहिले लोत सदममै बसोबास गरिरहेका थिए ।

- पहिले लोत सदोमका अधार्मिकताको नजिकै बसोबास गर्थे ।
- अहिले लोत सदोमका अधार्मिकताबीच निवास गरिरहेका थिए ।
- पापले लोतलाई के गरिरहेको थियो भन्ने तपाईं देख्नुहुन्छ ?
- पापले लोतलाई अधार्मिकताको नजिक अझ नजिक तानिरहेको थियो ।
- पापले यही तरिकाद्वारा सबै मानिसलाई तान्छ ।
- पापले मानिसहरूलाई उसको अधार्मिकतामा नजिक अझ नजिक तान्छ ।
- जसरी पापले लोतलाई सदोममा तान्यो त्यसरी नै सबै मानिसहरूलाई पापले के गर्छ ?
- पापले मानिसहरूलाई उसको अधार्मकतातिर नजिक अझ नजिक तान्छ ।
- लोतलाई भेट्न गएका स्वर्गदूतहरूमाथि के भयो ?

आउनुस् उत्पत्ति १९:४-९ पद पढौं ।

[4] तिनीहरू सुत्न जानुअघि सदोम शहरका सबै मानिसहरू आएर
लूतको घर घेरे। [5] तिनीहरूले उनलाई बोलाए अनि भने, "राती
तिम्रो घरमा आएका दुइ मानिसहरू कहाँ छन्? तिनीहरूलाई
बाहिर हामी भएकोमा ल्याऊ जसले गर्दा तिनीहरूसित हामी
संभोग गर्न चाहन्छौं।"
[6] तब लूत बाहिर निस्केर घरको ढोका लगाए। [7] त्यसपछि उनले
भने, "हे मेरा साथीहरू, कृपा गरी तिनीहरूसित नराम्रो व्यवहार
नगर। [8] सुन, कुनै पुरूषसित सहवास नगरेका मेरो दुइ जना
छोरीहरू छन्। म तिमीहरूलाई सुम्पिदिनेछु र आफ्नो इच्छा
अनुसार जे गर्न मन लाग्छ तिनीहरूसित गर। तर यी मानिसहरू
जो मेरो घरमा आएका छन् तिनीहरूलाई केही नगर, तिनीहरूको
रक्षा मैले गर्नु नै पर्छ।"
[9] घेरेका मानिसहरूले भने, "हामीलाई बाटो देऊ! हाम्रो बाटोबाट पर
सर।" तब सदोमका ती मानिसहरूले भने, "यी मानिस हाम्रो
शहरमा पाहुना भएर आएका हुन् अनि अहिले हाम्रो न्यायाधीश
यी को हुन? अब हामी तिमीसित तिनीहरूसित भन्दा अशिष्ट

व्यवहार गर्ने छौं।" त्यो भीडले लूतमाथि एकसाथ घचेटेर ढोका भत्काएर खोल्ने चेष्टा गरे।

- सदोम र गमोराका मानिसहरू धेरै दुष्ट थिए ।
- मानिसहरूले धेरै धेरै झूठ बोले ।
- मानिसहरूले कपटपूर्वक अरूलई दोष लगाए ।
- मानिसहरूले तिनीहरूका छिमेकीलाई सराप दिए ।
- मानिसहरूले अर्काको माल चोरे ।
- मानिसहरू अर्काकी स्वास्नीसँग सुते ।
- मानिसहरूले अरू मानिसको हत्या गरे ।
- पुरुषहरूले अर्को पुरुषसितै सम्भोग गरे ।
- के आजका मानिसहरू सदोम र गमोराका मानिसहरूजस्तै छन् ?
- छन् ।
- के हामी सदोम र गमोराका मानिसहरूजस्तै छौं ।
- छौं ।
- हामी कसरी सदोम र गमोराका मानिसहरूजस्तै छौं ?

- हामीले धेरै झूठो बोलेका छौं ।

- हामीले कपटपूर्वक अरूलाई दोष लगाएका छौं ।

- हामीले हाम्रा छिमेकीलाई सराप दिएका छौं ।

- हामीले अरू मानिसको माल चोरेका छौं ।

- हामी अरूकी स्वास्नीसँग सुतेका छौं ।

- हामीले अरू मानिसको हत्या गरेका छौं ।

- त्यसपछि स्वर्गदूतहरूले के गरे ?

आउनुस् उत्पत्ति १९:१०-१७ पद पढौं ।

10 तब ती भित्र भएका मानिसहरूले ढोका उघारे र लूतलाई भित्र
ताने र ढोका थुने। 11 त्यसपछि तिनीहरूले ती बाहिर घर घेरेर
बस्ने सबै बूढा-जवानहरूलाई अन्धा बनाइ दिए। तब तिनीहरूले
ढोका खोल्न असमर्थ भए।

**सदोमबाट भागे**

12 तब ती भित्र भएका दुइजना मानिसहरूले लूतलाई भने, "तिम्रो
घरमा अरू कोही मानिसहरू छन्? तिम्रा ज्वाँईहरू, छोरा-छोरीहरू
अनि जो पनि यस शहरमा छन् भने तिनीहरूलाई शहर छोड्नु

भनीदेऊ, [13] शहर छोड, किनभने हामी यसलाई नाश गर्न लागेका
छौं। परमप्रभुलाई यो थाह भएकोछ यो शहर दुष्टहरूले भरिएको
छ अनि उहाँले हामीलाई यो शहर नाश गर्न पठाउनु भएको छ।"
[14] तब लूत बाहिर गए अनि आफ्नो ज्वाँईहरूलाई भने, "उठ अनि
यो शहर छोडिदेऊ किनभने परमप्रभुले यस शहरलाई नष्ट पार्नु
हुँदैछ।" तर उसका ज्वाँईहरूले सोचे उनी ठट्टा गरिरहेका छन्।
[15] अर्को बिहानै उज्यालो हुन लाग्दा ती स्वर्गदूतहरूले लूतलाई
चाँडो गर्न लगाए। तिनीहरूले भने, "हेर, यो शहरलाई दण्ड
दिइन्छ। यसर्थ तिम्री पत्नी अनि छोरीहरू जो यहाँ छन्
तिनीहरूलाई लिएर शहरबाहिर जाऊ। यसो गरे तिमीहरू यो
शहरसितै नष्ट हुने छैनौ।"

[16] तर लूतले शहर छोड्न आनाकानी गरे। उनी दोमनमा परे।
यसर्थ दुइजना स्वर्गदूतले उनलाई, उनकी पत्नी र छोरीहरूलाई
आफ्नो हातले समाते अनि उनीहरूलाई सुराक्षित ठाउँमा लगे।
परमप्रभु लूत अनि उनको परिवारप्रति दयालु हुनुहुन्थ्यो। [17] यसर्थ
ती दुइ स्वर्गदूतहरूले लूत र उनको परिवारलाई शहरदेखि बाहिर

पुर्याए। तिनीहरू शहरबाहिर आएपछि एकजना स्वर्गदूतले भने, “अब तिमीहरूले शहरतिर फर्केर नहेर्नु, जीवन सुरक्षाको निम्ति भाग, अनि कुनै ठाउँमा पनि नथामिनु बेंसीमा कतै पनि नअडिनु। जबसम्म पर्वतमा पुग्दैनौ तिमीहरू भाग यदि थामियौ भने तिमीहरू शहरसितै नष्ट हुनेछौ।”

- स्वर्गदूतहरूले लोत, तिनकी स्वासी र दुईजना छोरीहरूको हात समातेर शहर बाहिर निकाले ।
- के लोत असल भएको कारणले तिनलाई परमेश्वरले बचाउनुभएको हो ।
- होइन ।
- लोत असल भएको कारणले परमेश्वरले तिनलाई बचाउनुभएको होइन ।
- यद्यपि लोत सदोमका मानिसहरूजस्ता थिएनन् तर पनि तिनी पापमा जन्मिएका थिए ।
- लोत पनि अरू सबै मानिसहरूजस्तै पापमा जन्मेका थिए ।
- त्यसोभए परमेश्वरले लोतलाई किन बचाउनुभयो त ?

- किनभने लोतलाई परमेश्वर एक्लैले मात्रै तिनलाई बचाउन सक्नुहुन्थ्यो भन्ने थाहा थियो ।
- किनभने लोतले परमेश्वरले तिनलाई बचाउन उद्धारकर्ता पठाउनुहुनेछ भनी विश्वास गरेका थिए ।
- जसले उहाँमा विश्वास गर्छ त्यसलाई परमेश्वरले सधैं बचाउनुहुन्छ ।
- लोत र तिनको परिवारलाई स्वर्गदूतहरूले शहरबाहिर लगेपछि के भयो ।

आउनुस् उत्पत्ति १९:२४-२५ पद पढौं ।

[24]त्यति बेलै परमप्रभुले सदोम र गमोरालाई नष्ट गर्न शुरू गर्नु भयो। परमप्रभुले आकाशबाट आगो र जल्दै गरेको गन्धक त्यहाँ खसाल्नु भयो। [25]यसरी परमप्रभुले ती शहरहरू नष्ट पार्नु भयो। परमप्रभुले समस्त बेंसी उद्भिदहरू र मानिसहरू सबै नष्ट पार्नुभयो।

- परमेश्वरले सदोम र गमोराका मानिसहरूको पूर्णरूपले सर्वनाश गर्नुभयो ।

- परमेश्वर सबै पापहरूलाई घृणा गर्नुहुन्छ ।
- परमेश्वर सबै पापहरूलाई दण्ड दिनुहुन्छ ।
- परमेश्वर सबै पापहरूको दण्ड आत्मिक मृत्यु दिनुहुन्छ ।
- नोआको समयमा परमेश्वरले सबै मानिसहरूलाई बाढीद्वारा सर्वनाश गर्नुभयो ।
- सदोम र गमोरालाई परमेश्वरले आगोद्वारा भष्म पार्नुभयो ।
- जब स्वर्गदूतहरूले लोत, तिनकी स्वास्नी र तिनका दुईजना छोरीहरूलाई शहरबाट निकाले तिनीहरूले तिनीहरूलाई पछि फर्केर नहेर्न भने ।
- तर लोतकी स्वास्नीले त्यो भनाइको अवज्ञा गरिन् ।

आउनुस् उत्पत्ति १९:२६ पद पढौं ।

26 जब तिनीहरू भाग्दै थिए, लूतकी पत्नीले पछाडी फर्केर शहरलाई हेरिन्। जब उनले फर्केर हेरिन तिनी नूनको थुप्रोमा परिणत भइन्।

- परमेश्वरले लोतकी स्वास्नीलाई नूनको थाममा परिणत गर्नुभयो ।

- परमेश्वरले लोतकी स्वास्नीलाई किन नूनको थाममा परिणत गर्नुभयो ?
- किनभने लोतकी स्वास्नीले परमेश्वरको भनाइको अवज्ञा गरेर पछि फर्केर हेरिन् ।
- लोतकी स्वास्नीले किन पछि फर्केर हेरिन् ?
- किनकि तिनले आफ्ना पापहरूलाई माया गरिन् ।
- किनकि तिनी आफ्ना पापहरू छोड्न चाहन्नथिइन् ।
- परमेश्वर पापलाई घृणा गर्नुहुन्छ ।
- परमेश्वर पापलाई सधैं दण्डित गर्नुहुन्छ ।
- परमेश्वर सधैं पापलाई अनन्तको मृत्युद्वारा दण्डित गर्नुहुन्छ ।
- यदि तपाईं पनि लोतकी स्वास्नीलेजस्तै आफ्ना पापहरूलाई प्रेम गर्नुहुन्छ भने परमेश्वरले तपाईंलाई अनन्तको मृत्युको सजाय दिनुहुन्छ ।

- यदि तपाईं पनि लोतकी स्वास्नीलेजस्तै आफ्ना पापहरू छोड्न चाहनुहुन्न भने परमेश्वरले तपाईंलाई अनन्तको मृत्युको सजाय दिनुहुन्छ ।